# घोराही उप-महानगरपालिका

## नवौं नगर सभा

# नीति तथा कार्यक्रम

# (आ.व. २०७८/०७९)

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## घोराही उपमहानगरपालिकाको नवौं नगरसभा समक्ष नगर प्रमुख श्री नरुलाल चौधरी ज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७८/०७९को नीति तथा कार्यक्रम ।

**नगरसभाका सदस्य ज्यूहरु,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय सरकारको रुपमा स्थापित घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु।

२. यस अवसरमा समाजको आमुल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना सम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमुल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्त्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु। मुलुकको राजनीतिलाई संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

३. नगर स्थापना काल देखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्त्व गर्नुहुने सबै अग्रज व्यक्तित्त्वहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

**नगरसभाका सदस्य ज्यूहरु,**

४. नेपालको संविधान बमोजिम शासन प्रणालीको नँया शासकीय संरचनाका रुपमा स्थानीय सरकारको स्थापनाको करिब चार वर्षको कार्यकाल पूरा हुदै गर्दा घोराही उपमहानगरपालिकाले विभिन्न नीतिगत, कानूनी, संरचनागत एंव व्यवस्थापकीय पक्षमा सुधार गरी कार्य सम्पादन गर्दै सेवा प्रवाह र विकास निर्माणका क्रियाकलापहरुलाई तिब्रताका साथ अगाडी बढाउन सफल भएको छ।

५. यसै बिचमा गत आर्थिक वर्ष देखि बिश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट हाम्रो उपमहानगरपालिका समेत अछुतो रहन सकेन। महामारीको कारण नागरिकमा देखा परेको डर त्रास मनोबैज्ञानिक असरलाई निस्तेज पार्दै जनजीवनलाई सामान्य तुल्याउनु र नागरिकको जीवन रक्षा गर्नु हाम्रो पहिलो दायित्व र कर्तव्य हुन गयो ।हामीलाई प्राप्त आर्थिक, भौतिक, मानवीय स्रोत साधन, महामारी बिरुद्धको अभियानमा केन्द्रित गर्नु पर्दा बिकास निर्माणको गतिमा केही सुस्तता पनि देखियो, तथापी हामी विचलित भएका छैनौं।हाम्रो दृश्टिकोण सपष्ट र गन्तब्य निश्चित भएकोले परिणाममुखी कार्यान्वयनबाट उद्देश्य हासिल गर्ने कुरामा दृढ निश्चिन्त छौं ।

६. यतिखेर हामी सबैको ध्यान नगरवासीको जीवन रक्षामा केन्द्रित छ। जीवन रहे विकास र समृद्धी पछी पनि हासिल गर्न सकिने मान्यतालाई आत्मसात गर्दै नागरिकको जीवन रक्षा नै हाम्रो पहिलो दायित्व हुन गएको छ र कर्तव्य पनि यही हो।

७. गत बैशाख देखि देखा परेको नोबेल कोरोना भाइरस (कोभिड-१९)को दोश्रो लहर निकै संक्रामक र बढी घातक रहेको जटिल परिस्थितीमा आर्थिक वर्ष २०७८/०७९को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गरि रहँदा नगरवासीको जीवन सुरक्षाको प्रश्नले अत्यन्त गम्भिर बनाएको छ । यस महामारी बिरुद्ध लड्न हाम्रा मौजुदा स्वास्थ्य सेवाहरु र सुविधाहरु अपर्याप्त छन। महामारीबाट घोराही उपमहानगरपालिकामा मात्र ९४ जनाको मृत्यु भैसकेको छ र हजारौ संक्रमित छन। कोभिडको कारण आफ्नो अमुल्य जीवन गुमाउनु हुने नगरवासी लगायत सबै मृतकहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।संक्रमित सम्पूर्ण आमा बुबा,दिदी बहिनी तथा दाजुभाईहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

८. महामारी बिरुद्ध एक्लै हिडेर होइन, राज्यका तिनै तहका सरकार, राजनीतिक दल, नागरिक समाज, सरोकारवाला सबै क्षेत्रगत सरकारी, गैरसरकारी संघ संस्था, व्यवसायिक संघ संस्था, पत्रकार जगत लगायत नगरवासीको एकिकृत एंव समन्वयात्मक पहलकदमीमा मात्र यस महामारीबाट उत्पन्न हुने संकटबाट पार पाइन्छ भन्ने बिश्वास लिएको छु । महामारी बिरुद्धको यस अभियानमा सबैको सहकार्यमा जोड दिन चाहन्छु।

९. कोभिड महामारीको यस जोखिमपूर्ण परिस्थितीमा अग्रपंक्तिमा रहेर अहोरात्र सेवा गर्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, पत्रकार, एम्बुलेन्स चालकहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको उच्च प्रशंसा गर्दछु । महामारी रोकथाम नियनत्रण र उपचारको कार्यमा योगदान पुर्याउनु हुने जनप्रतिनिधि, राजनीतिक दल, निजि तथा व्यवसायिक संघ संस्था,गैरसरकारी संघ संस्था, संचार जगत, निजि अस्पताल र कोरोना रोकथाम, नियन्त्रण र उपचारका लागि आर्थिक सहयोग, स्वास्थ्य सामाग्री उपलब्ध गराउने तथा प्राविधिक सहयोग पुर्याउने सम्पूर्ण संघ संस्थालाई धन्यबाद दिन चाहन्छु।अत्यावश्यक वस्तुको आपुर्ती सहज बनाउन योगदान गर्ने सबै ब्यक्ति तथा संघ संस्थालाई धन्यबाद दिन चाहन्छु।

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्ष सम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धीहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०. हामीले जिम्मेवारी सम्हालेको करिब चार वर्ष पूरा हुदैछ ।चालु आर्थिक वर्षमा ऐन चार (४) वटा, कार्यविधि दश (१०) वटा, मापदण्ड दुई (२) वटा र नियमावली एक (१) वटा गरि जम्मा सत्र (१७)वटा कानूनहरु तथा यस अवधि सम्म आई पुग्दा विभिन्न क्षेत्रगत सरसट्ठी (६७) वटा कानूनहरु निर्माण भएका छन् ।जनअपेक्षा

अनुरुपको विकास निर्माण एवं नागरिक मैत्री सेवा प्रवाहका माध्यमबाट सुशासनको प्रत्याभुत गराउन कानून निर्माणको यस उपलब्धीले विशेष टेवा पुगेको अनुभूति गरेको छु।

११. चालु आर्थिक वर्ष २०७७/०७८ सम्म आइपुग्दा मुख्य रुपमा ९१.८७ किलोमिटर सडक कालोपत्रे , २०८.८४ किलोमिटर सडक ग्राभेल, ९०.२२ किलोमिटर नयाँ सडक निर्माण, २६.३५ किलोमिटर सडक नियमित मर्मत, ३०.८५ किलोमिटर सडक स्तरोन्नत्ती, जम्मा स्थानीय सडक संख्या १९३ वटा, ६७ वटा स्थानीय पुल, कलभर्ट निर्माण , २ वटा झोलुङ्गे पुल निर्माण, १ वटा स्यानेटरी ल्यान्ड फिल साइटको निर्माण, १९ वटै वडा कार्यालयहरु केन्द्रको सडक संजालसंग जोडिएको, थप २५०२ घरपरिवारलाई खानेपानी सुविधा उपलब्ध भएको, ६४ वटा कुवा निर्माण, २६वटा डिप बोरिङ निर्माण, १३ वटा नयाँ पार्क निर्माण, २९.४९ किलोमिटर ढल निर्माण, १३ किलोमिटर नदी नियन्त्रण, २६ वटा कृतिम जलाशय निर्माण, ४०५.२६ हेक्टर जमिनमा साना सिंचाई, ५ वटा सौर्य उर्जा जडित प्लान्ट निर्माण, ११ वाट खेलकुद मैदान निर्माण, ३ वटा रंगशाला निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, १ वटा हाटबजार व्यवस्थापन,१ वटा मुक्त कमलरी भवन निर्माण, १५ वटा नयाँ विद्यालय भवन निर्माण, १६ वटा विद्यालयमा नयाँ कक्षाकोठा निर्माण, २३ वटा स्वास्थ्य संस्था भवन निर्माण,१ वटा योगा हल निर्माण, ४ वटा कभर्ड हल निर्माण,१ वटा ध्यान केन्द्र निर्माण, ११ वटा यात्रु प्रतिक्षालय निर्माण र २७ वटा सामुदायिक भवन निर्माण भएका छन्।

१२. वडा नं. ३,१३,११ र ९मा वडा कार्यालय तथा नगर कार्यापालिकाको प्रशासनिक भवन निर्माणको लागि ठेक्का आव्हान भएको छ। ठेक्का आव्हान भएका वडा कार्यालयहरुको भवन निर्माणको कार्य सम्पन्न भए पश्चात सबै वडा कार्यालयहरुको आफ्नै भवन हुनेछ। नगर कार्यपालिकाको नयाँ प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भए पश्चात सेवा प्रवाहमा थप चुस्तता आउने बिश्वास लिएको छु।

१३. घोराही उपमहानगरपालिकाको एकिकृत सहरी विकास योजना निर्माणको कार्य सम्पन्न भएको छ । IUDP को निर्माणबाट नगर भित्र गरिने सबै क्षेत्रका विकास निर्माणका क्रियाकलापहरु स्थानीय आवश्यक्ता एवं प्राथमिकता बमोजिम चरणबद्ध रुपमा सम्पन्न हुने भई सबै क्षेत्रको दिगो एवं सन्तुलित विकासमा सघाउ पुग्ने र समुन्नत घोराही निर्माण गर्ने हाम्रो अभियानमा विशेष बल पुग्ने बिश्वास लिएको छु।

१४. यसै आर्थिक वर्षमा पूर्वाधार विकास निर्माण तथा मर्मत कार्यमा सहयोग पुग्ने उद्देश्यले ग्रेडर र रोलर खरिद गर्ने कार्य सम्पन्न भएको छ ।

१५. स्वास्थ्य सेवा तर्फ राप्ती आँखा अस्पताल तुलसीपुरको प्राविधिक सहयोगमा ६९ जना मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया, नगर प्रमुख रक्त संचार कार्यक्रम अन्तर्गत ४८ जनालाई निःशुल्क रगत प्रदान, १७५ जना उपप्रमुख खुत्रुके बचत कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन। त्यस्तै जेष्ठ नागरिक घरदैलो कार्यक्रम, पिएनसी भिजिट कार्यक्रम, निःशुल्क औषधी बितरण कार्यक्रम, खोप कार्यक्रम , आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन कार्यक्रम, स्वास्थयकर्मी द्वारा होम आइसोलेसनमा बसेका कोभिड बिरामीहरुको परामर्श तथा घरभेट कार्यक्रम,

चिकित्सक सहितको घुम्ती टोली द्वारा कोभिड बिरामीको उपचार तथा परामर्श कार्यक्रम सम्पन्न भएका छन। कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि हालसम्म ८,५०४ (आँठ हजार पाँच सय चार) जनालाई कोभिसिल्ड भ्याक्सिन र २,६८३(दुई हजार छ सय तिरास्सी) जनालाई भेरोसिल भ्याक्सिन गरी जम्मा ११,१८७(एघार हजार एक सय सत्तासी) जनालाई कोभिड बिरुद्ध खोप लगाई सकिएको छ भने ११,१३९(एघार हजार एक सय उनन्चालीस) जनाको एन्टिजेन परिक्षण गरिएको छ।

१६. घोराही उपमहानगरपालिका १,३,६,९,११, र १७ नं.वडामा सर्शत अनुदानमा थप आधारभूत स्वास्थ्य केन्द्र निर्माणाधीन आवस्थामा भएको र चालु आ.ब.०७७।७८मा निर्माण सम्पन्न भई आगामी आ.ब.०७८।७९मा उक्त भवनबाट गुणस्तरीय स्वास्थ्य सेवा संचालन हुनेछ । चालु आर्थिक वर्षमा स्वास्थ्य संस्थाको थप निर्माणले नागरिकको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने संवैधानिक अधिकारको व्यवहार मै प्रत्याभूति भएको छ।

१७. कोभिड -१९महामारी रोग दोस्रो चरणको संक्रमणले आक्रान्त पारी घोराही उपमहानगरपालिकामा एक्कासि देखा परी महामारी नियन्त्रण गर्न निकै चुनौती बन्दै आएको अवस्थामा तत्कालै रासी स्वास्थ्य बिज्ञान प्रतिष्ठान र कोरोना बिशेष अस्पताल, बेलझुन्डीमा कोभिड बिरामीहरुलाई उपचारको ब्यवस्था मिलाइएको र समुदायमा निःशुल्क एन्टिजेन बिधि बाट कोभिड परिक्षणको दायरा बढाएकोले बिरामीको रोकथाम तथा नियन्त्रणमा केही सफलता हासिल गरिएको छ।

१८. पशु सेवा तर्फ व्यवसायिक कृषक समूहलाई उन्नत जातका बाख्रा एवं बोका बितरण, बंगुरका पाठा पाठी बितरण, निःशुल्क पशु गर्भाधान कार्यक्रम, गाई भैंसी तथा बाख्राको खोर तथा गोठ सुधार कार्यक्रम, भकारो सुधार कार्यक्रम, पशु उपचार कार्यक्रम, दुग्ध ढुवानीमा जर्किन विस्थापन कार्यक्रम, मुक्त कमैया समूह मार्फत कुखुरा पालन कार्यक्रम, पशु ट्यागिङ कार्यक्रम, उन्नत जातका घाँसका बिउँ बितरण कार्यक्रम सम्पन्न भएका छन्।

१९. प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना बैंकमा रहेका १०५ आयोजना मध्ये २८ वटा संचालन भएका र सोबाट बेरोजगार सुचीमा सुचिकृत भएका १२५० बेरोजगार मध्ये ४०२ जना प्रत्यक्ष लाभन्वित रहेका छन्।

२०. कृषि तर्फ ६० प्रतिशत अनुदानमा धान, गहु, मसुरो, तोरी , आलुको बिउँ बितरण कार्यक्रम, ५० प्रतिशत अनुदानमा यान्त्रिकरण औजार बितरण कार्यक्रम, कृषक समूह/सहकारी, फर्म, कृषक मार्फत साना सिंचाई कार्यक्रम, फलाम स्ट्रकचर, प्लास्टिक टनेल बितरण कार्यक्रम, कोभिड बिशेष कार्यक्रम, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम सम्पन्न भएका छन्।

२१. वातावरण तथा विपद् व्यवस्थापन तर्फ खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत वडा नं. १४, १५ , १६ र १७ खरको छानो मुक्त वडा भइसकेका छन्। संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम र

उपमाहनगरपालिकाको खरको छानो विस्थापन कार्यक्रम कार्यान्वयन पश्चात यस आर्थिक वर्षमा वडा नं. ४, १० र १८ गरी जम्मा ७ वटा वडाहरु खरको छानो मुक्त वडा हुनेछन।

२२. वडाबाट प्राप्त सिफारिस र प्रहरी मुचुल्का समेतको आधारमा आगलागी, हुरीबतास, अबिरल वर्षा लगायतका ३३ वटा अत्ति विपन्न घरधुरीलाई नगर विपद् व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम राहत उपलब्ध गराइएको छ।

२३. उपमहानगरपालिका क्षेत्र भित्र रहेका सरकारी जग्गा, सम्भावित वन क्षेत्र र नदी खोला किनारामा हालसम्म १६,८४२ वटा वृक्षरोपण गरिएको छ । ढुङ्गा,गिट्टि, बालुवाको उत्खनन कार्यलाई व्यवस्थित र वातावरणमैत्री बनाई प्राकृतिक स्रोतको अनियमित दोहनलाई रोकथाम गर्न घोराही उपमहानगरपालिका संक्षिप्त वातावरण तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ तर्जुमा गरि लागु गरिएको छ।

२४. घोरही उपमहानगरपालिका भित्र ६ स्थानमा विपद् जोखिम न्यूनिकरणका लागि समयमा नै सूचना प्राप्त गर्न सकिने आधुनिक पुर्व सचेतना प्रणाली (Early Warning System) जडान भएको छ।

२५. न्यायिक समितिमा आर्थिक वर्ष २०७७/०७८मा परेका १३१ विवादका मुद्दाहरु मध्ये ८७ वटा मुद्दाहरु फछ्यौंट भएका छन भने आर्थिक वर्ष २०७४/०७५ देखि हालसम्म विभिन्न प्रकृतीका ७४७ विवादका मुद्दाहरु मध्ये ६५५ वटा मिलापत्र तथा फछ्यौंट भएका छन्।

२६. साविक डिभिजन सहकारी कर्यालयबाट हस्तान्तरण भई हाल १८४ सहकारी संस्थाहरु उपमहानगरपालिकमा क्रियाशिल छन। यसै आर्थिक वर्षमा सहकारी नियमावली निर्माण कार्य सम्पन्न भएको छ भने सहकारी संस्थामा आबद्ध करिब ५० जनालाई सहकारी लेखापालन तालिम दिइएको छ।

२७. यस आर्थिक वर्षको अन्त सम्म आई पुग्दा सामाजिक सुरक्षा वापत भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या १६०७७ रहेको छ भने उहाँहरुले बैंक मार्फत ४१ करोड १९ लाख ७४ हजार ३२ रुपैया भुक्तानी प्राप्त गर्नु भएको छ ।व्यक्तिगत घटना दर्ता विवरणलाई डिजिटाइजेशन गर्ने कार्यको शुरुवात समेत यसै आर्थिक वर्ष देखि शुरु भएको छ। हाल १९ वटै वडा कार्यालयहरुबाट अनलाईन घटना दर्ता कार्य संचालन भइरहेको छ ।

२८. सरसफाई व्यवस्थापन अन्तर्गत मुख्य रुपमा चेपे जलाशयमा तारबार गरी बृक्षरोपण गर्ने कार्यक्रम, ल्यान्ड फिल साइटमा भित्रि बाटो बिस्तार, ल्यान्ड फिल साइटको फोहर व्यवस्थापन सुधार , ग्रिन बेल्ट व्यवस्थापनलाई निरन्तरता, सरसफाई रुट पुनरावलोकन गरि फोहर व्यवस्थापन गर्ने कार्य सम्पन्न भएका छन भने बायोग्यास प्लान्टको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। साथै नगल्ने फोहरहरु नगर कार्यपालिकाले खरिद गर्ने कार्यको शुरुवात भएको छ।

२९. यस उपमहानगरपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीहरुको बिगत देखिको समस्या समाधान गर्न चालु आर्थिक वर्ष देखि कार्यक्रम शुरु भएको र सोका लागि जनशक्ति व्यवस्थापन

लागयतका कार्य सम्पन्न भई विभिन्न वडाहरुका ५,०८२ भूमिहीन सुकुम्बासी (भूमिहीन दलित समेत) र ११,०६८ अव्यवस्थित बसोबासी समेत गरी जम्मा १६,१५० ब्यक्तिको लगत संकलन गर्ने कार्य सम्पन्न भएको छ।

३०. सूचना प्रविधि तथा संचार क्षेत्र तर्फ १९ वटै वडा कार्यालयमा इन्टरनेट सेवा बिस्तार गरिएको छ ।विद्युतीय सुशासनका लागि विभिन्न सेवाहरु सूचना प्रविधि प्रणाली र सूचना व्यवस्थापन प्रणालीमा आबद्ध भएका छन्।

३१. पत्रकारहरुको क्षमता विकास कार्यक्रम र नगर रेडियो कार्यक्रमहरु संचालन गरिएको छ। उपमहानगरपालिकाको सरकारी दस्तावेजहरु थारु भाषामा समेत अनुवाद गरी प्रकाशन गर्ने कार्य शुरुवात भएको छ।नियमित रुपमा गुनासो व्यवस्थापनका लागि उपमहानगरपालिकाको वेबसाइट, आधिकारिक सामाजिक संजाल र हेलो सरकार पोर्टल प्रयोगमा ल्याई गुनासाहरु विद्युतीय माध्यमबाट फछ्र्यौट गरिएका छन् ।यसै अवधीमा सूचना प्रवाह तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ र सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि, २०७७ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

३२. उपभोक्ताको हितको लागि नियमित बजार अनुगमन, खाद्य बस्तुको परिक्षण लगायत उपभोक्ता हित सम्बन्धी कानून निर्माण र उपभोक्ता सचेतना कार्यक्रमहरु संचालन भएका छन्।

३३. महिलाहरुका लागि सिप विकास तालिम, बिउँ पुजि तथा मेशिनरी औजार बितरण कार्यक्रम, लैङ्गिक हिंसा बिरुद्ध क्षमता विकास तालिम, बेवारिसे मानव व्यवस्थापन, टोल विकासका महिलाका लागि प्रजनन स्वास्थ्य सम्बन्धी तालिम, सडक तथा जोखिममा रहेका बालबालिका उद्धार तथा पुनर्स्थापना, अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामाग्री वितरण, मुक्त कमलरीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम, अपाङ्ग परिचयपत्र बितरण कार्यक्रम, जेष्ठ नागरिक परिचय पत्र बितरण कार्यक्रम लगायत महत्त्वपूर्ण कार्यक्रमहरु संचालन भएका छन्।

३४. पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ गोरक्ष सिद्धरत्ननाथ मठको पुस्तकालय र प्रभात कला केन्द्रको व्यवस्थापन, थारु लोक महाभारत कथामा आधारित बड्कीमार नामक पुस्तक प्रकाशन, परम्परागत नृत्य एवं बाजा संरक्षणका लागि सामग्री सहयोग, कुसुन्डा जातीको प्राचिन कला संस्कृतिसंग सम्बन्धित सामाग्री संकलन लगायत पर्यटकीय सम्पदाहरुको जानाकरीमुलक फोटो पोष्टर, बुकलेट प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ ।थारु लोककथा बटकुही अध्ययनको क्रममा रहेको र पर्यटन सूचना केन्द्र निर्माणको प्रक्रियामा रहेको छ।

३५. नेपाल सरकार , श्रम रोजगार तथा गरिबी निवारण मन्त्रालय र स्विट्जरल्यान्ड सरकारको साझेदारी सम्झौता बमोजिम यस उपमहानगरपालिकामा संचालित सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत उपमहानगरपालिका र सेवा प्रदायक संस्था बिच भएको सम्झौता बमोजिम बैदेशिक रोजगारमा जान चाहनेहरुका लागि सूचना तथा सिपमा पहुँच कार्यक्रम लगायत विविध कार्यक्रमहरु सम्पन्न भएका छन ।आप्रवासी स्रोत केन्द्रमा प्राप्त भएका जम्मा ४४ उजुरी मध्ये २० वटा समाधान भई आर्थिक सहायता तथा उजुरी सहजीकरणबाट जम्मा १ करोड ४१ लाख ५० हजार रकम असुली भएको छ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०७८।०७९को लागि अख्तियार गरिने नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३६. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना मार्गदर्शन, संघ तथा प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र उपमहानगरपालिकाको एकिकृत सहरी विकास योजना र आफ्नै बिशिष्ट सम्भाव्यता एवं आवश्यक्ता समेतलाई आधार मानी नगरवासी आमाबुबा, दिदिबहिनी, दाजुभाईहरुबाट ब्यक्त भएका जनचाहनाहरुलाई समेटदै आर्थिक वर्ष २०७८/०७९का लागि निम्न बमोजिमका नीतिहरु अबलम्बन गरेका छौं ।

३७. कोभिड -१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्न आवश्यक पुर्वाधार , अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा पर्याप्त जनशक्तिको व्यवस्था गरिनेछ।

३८. न्यूनतम सेवा मापदण्ड, राष्ट्रिय चिकित्सा मापदण्ड र प्रादेशिक मापदण्डको आधारमा घोराही उपमहानगरपालिकाको स्वास्थ्य सेवा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३९. आगामी बर्षमा पनि कोभिडको महामारी पुन: आउन सक्ने भएकोले पुर्व तयारी स्वरुप स्वास्थ्य उपकरण तथा औषधी आपूर्तिको उचित व्यवस्था मिलाइने छ ।संघीय सरकारको समन्वयमा लक्षित समूहलाई कोभिड खोपको व्यवस्था मिलाइनेछ ।पोष्ट कोभिड सिन्ड्रोमलाई व्यवस्थापन गर्न मनोसामाजिक परामर्शको व्यवस्था मिलाइनेछ।

४०. संघ सरकारको सहकार्यमा वडा नं. ४को लक्ष्मीपुर स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी उपमहानगरपालिकास्तरीय १५ बेडको अस्पताल भवन टेण्डर प्रक्रियामा गएकोले आगामी आर्थिक वर्ष देखि सेवा संचालन गरिनेछ।आधारभूत स्वास्थ्य सेवा तथा आकष्मिक सेवालाई निःशुल्क प्रदान गरिनेछ ।एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरुप प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको सवलीकरण सुदृढिकरण एवं भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइनेछ।निर्माणाधिन ५,७,१० र १५ नं. वडामा रहेको स्वास्थ्य संस्था भवनलाई निरन्तर बजेटको ब्यवस्था गरिनेछ।यस बाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सहज हुनेछ।

४१. उपमहानगरवासी विशेष गरेर सिकलसेल एनेमिया, थाल्सेमिया र प्रसुती सेवाका विरामीहरुका लागि रगत निःशुल्क प्रदान गर्न नगर प्रमुख रक्त संचार सेवालाई नेपाल रेडक्रस सोसाईटीको समन्वयमा निरन्तरता दिइनेछ।

४२. आमा र शिशुको जीवन रक्षाको लागि उपप्रमुख आमा शिशु सुरक्षा खुत्रुके बचत कार्यक्रमलाई निरन्तरता दिइनेछ।नियमित गर्भ जाँच र स्वास्थ्य संस्थामा सुत्केरी गराउन सुरक्षित सुत्केरी अभियान संचालन गरिनुका साथै सुरक्षित सुत्केरी अभियानलाई प्रोत्साहित गर्न उपप्रमुख खुत्रुके बचत कार्यक्रम मार्फत प्रसुती अवस्थामा रु.१०००।- उपलब्ध गराइनेछ ।

४३. नगरवासीको आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवालाई थप व्यवस्थित गरिनेछ। असाहय बिपन्नलाई निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

४४. उच्च रक्तचाप, मधुमेह, दम, मृगौला, कलेजो र महिलाहरुको पाठेघर सम्बन्धी रोगको रोकथाम, पहिचान, परिक्षण र उपचारका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। साथै फोक्सोको दिर्घ रोगीलाई सुघ्ने औषधी निःशुल्क बितरण गरिनेछ।

४५. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मी चिकित्सकको प्रत्यक्ष सहभागितामा घरदैलोमै स्वास्थ्य उपचार सेवालाई निरन्तरता दिइनेछ।

४६. आयुर्वेदिक, प्राकृतिक तथा होमियोप्याथी चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिनेछ ।आम नागरिकलाई योग अभ्यास र शारीरिक व्यायाम सहितको सक्रिय जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ । वडाहरुमा व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ साथै प्रदेश सरकार संगको सहकार्यमा आयुर्बेद स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ।

४७. महामारी रोग तथा विपद् ब्यवस्थापनको पुर्व तयारी टिम (RRT) लाई थप सशक्त बनाइनेछ।

४८. सिकलसेल एनिमिया रोग समय मै पत्ता लगाई जिन शुद्धिकरणको लागि नियमित रुपमा रक्त समूह जाँच तथा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

४९. महिला स्वास्थ्य स्वयंसेविकाहरुको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

५०. लागु औषध दूर्व्यसन विरुद्ध सरोकारवालाहरुको सहयोगमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

५१. जन्मजात विकलांग न्यूनीकरण गर्न घोराही उपमहानगरपालिकामा स्थायी बसोबास गर्ने गर्भवती आमाहरुलाई नियमित निःशुल्क भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ । सुत्केरी पश्चातको पहिलो हप्तामा स्वास्थ्यकर्मी सहित सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परिक्षण गर्न पोषण कोसेली सहितको भेटघाट कार्यक्रम संचालन गरिनेछ।

५२. दाङ्गमा लागु भएको स्वास्थ्य बिमा सेवा कार्यक्रमलाई उपमहानगरपालिकामा थप प्रभाबकारी बनाउन बिमा कर्ताहरुलाई घरदैलोमै खटाईने छ। सबैलाई बिमा कार्यक्रममा सहभागि गराई स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ। उपमहानगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाइनेछ ।

५३. स्वास्थ्य सेवालाई थप प्रभावकारी र सहज बनाउन तिनै तहका सरकार, सरकारी, गैर सरकारी एंव निजि स्वास्थ्य संस्थाहरुसंग सहकार्य र समन्वय गरिनेछ ।

५४. दिर्घ तथा नसर्ने रोगबाट घर मै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट उपचार र सहयोगको कार्यक्रम संचालन गरिनेछ।

५५. महिलाहरुमा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको निशुल्क परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

५६. आँखा सम्बन्धी बढ्दो समस्याले गर्दा मोतियाबिन्दु भई अन्धोपना बढ्ने हुदाँ तुलसीपुर आँखा अस्पतालको सहयोग र समन्वयमा निःशुल्क आँखा जाँच, उपचार तथा मोतियाबिन्दु शल्यक्रिया गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५७. कोभिड-१९को संक्रमणका कारण मृत्यु भएका घोराही उपमहानगरपालिका भित्र स्थायी बसोबास गर्ने मृतकका परिवारलाई रु. ५०,०००।— आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५८. गुणस्तरीय र बिश्वसनीय तथ्यांक व्यवस्थापनका लागि प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणाली थप प्रभावकारी र व्यवस्थित रुपमा संचालन गरिनेछ ।

५९. किसानहरुलाई समयमै मुल बिउँ तथा उन्नत बिउँ उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइने छ। कृषि बिमा, प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ। उत्पादकत्व बृद्धि गर्न ६०% अनुदानमा मुल तथा उन्नत बिउँ (धान, गहुँ, मकै, तोरी, आलु,प्याज), ७५% अनुदानमा टनेल, ५०% अनुदानमा कृषि औजार, कृषि साना सिंचाई कार्यक्रममा ८५% अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६०. कृषि प्रविधिको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ। साथै कृषिको व्यवसायीकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिने छन् ।

६१. वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ। पहाडमा भिरालो जमीन व्यवस्थापनको उपयुक्त प्रविधि र समथर उपत्यकामा कृषि भूमि विकासको उपयुक्त प्रविधि प्रयोग गरी जमीनको वैज्ञानिक प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

६२. यस उपमहानगरपालिका स्तरमा कृषकहरूको क्षमता सुधारका लागि कृषि तालिम कार्यक्रममा विशेष जोड दिइनेछ। कृषिमा महिला सहभागिता अभिवृद्धी गर्न घुम्ती तालिमको प्रबन्ध मिलाइ गाँउ घर नजिक तालिमको व्यवस्था मिलाइनेछ।

६३. वन तथा प्रयोगमा नआएका सार्वजनिक जमीनलाई लक्षित समुदायमा स्थायी रुख विरुवा हुने खालका नगदेबाली एवं फलफूल बगैंचा विकासमा उपयोग गराई वन तथा अन्य जमीनको हैसियत सुधारका साथै गरिबी न्यूनिकरणमा टेवा पुर्याइनेछ।

६४. साना सिंचाई पूर्वाधार जस्तै मोटर पाईप पम्पींगसेट स्प्रिङ्कलर, थोपा सिचाई, पानी संकलन पोखरी इनार कुवा आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ।

६५. बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरमा कृषि वस्तु उत्पादन गर्ने बृहत उत्पादन क्षेत्र विकास गरिनेछ ।यस्तो पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषि वस्तुहरूको उत्पादनमा प्राथमिकता दिइनेछ। यस्ता

क्षेत्रमा प्रविधि एवं प्राविधिक सेवा तथा कृषि सडक, ग्रामिण विद्युतीकरण, सिँचाइ, बजार व्यवस्था जस्ता अन्य सुविधाहरू एकिकृत रूपमा परिचालन गरिनेछ।

६६. स्थानीय स-सानो पुजी र अन्य श्रोतको परिचालन तथा प्रवर्द्धन गरी सहकारीको संस्थागत विकास गर्न सम्भाव्य कृषक तथा उद्यमीहरूको समूहलाई सहकारीकरण गर्दै लगिनेछ। साथै गाउँ घरका यस्ता सहकारी संस्थाहरूलाई कृषक समूहको उत्पादन सामग्री तथा सेवाहरू उपलब्ध गराइनेछ।

६७. कृषि-रसायनहरूको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून गरिनेछ। कृषिमा प्रयोग हुने विषादी रासायनीक मल तथा हर्मोनहरूको प्रयोगमा कमी ल्याइनेछ।

६८. संघ सराकारको सहयोगमा पुरानो फलफूल नर्सरी सृदढीकरण कार्यक्रम, व्यवसायिक कागती खेती विस्तार कार्यक्रम, आलु उत्पादन कार्यक्रम संचालन गरिनेछ।

६९. हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण, सम्बर्द्धन र सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ।

७०. सरकारी मध्यस्थतामा खेती गर्न चाहने कृषि उद्यमी तथा विदेशबाट फर्केका युवा युवतीहरुलाई मध्येनजर गरी "भूमि बैंक" स्थापना मार्फत करारमा खेती गर्न जग्गा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाई कार्यान्वयनमा ल्याइनेछ।

७१. कृषियोग्य भूमिको नियमित माटो परिक्षण गर्ने व्यवस्था मिलाइनेछ। कृषकहरुलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न एवं उचित मात्रामा मल, बिउँ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ।

७२. कृषि उत्पादन बृद्धि गर्न सबै कृषि योग्य भूमिमा सिंचाई सुबिधा पुर्याउन विशेष प्राथमिकता दिइनेछ। कृषि सिंचाईका लागि जलाशय निर्माण तथा पोखरी संरक्षण, डिप बोरिङ निर्माण, स्यालो ट्युबवेल, लिफ्ट सिंचाई निर्माण, साना सिंचाई, थोपा सिंचाई आदिलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ।

७३. स्रोत तथा प्रमाणित बिउँ उत्पादन गर्ने सहकारी तथा निजि फर्म केन्द्रहरुको सुदृढिकरण गरी स्तरीय बिउँ उत्पादन गर्न विज वृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७४. प्रत्येक वडाको सम्भाव्यताको आधारमा पकेट क्षेत्रको पहिचान गरी कृषकलाई एकिकृत रुपमा सेवा सुबिधा उपलब्ध गराइनेछ । साथै नगर भित्रका उत्कृष्ट कृषकहरुलाई पुरष्कृत गर्ने व्यवस्था मिलाइनेछ।

७५. संघ सरकारको सहयोगमा किसान सुचिकरण र किसान पशुपन्छी तथा मत्स्य अध्यावधिक कार्यक्रम, कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, गाईका साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, मकै बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन गरिनेछ।

७६. मौरीपालन व्यवसायको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

७७. पशुपन्छीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न प्रत्येक वडामा प्राविधिक जनशक्तिको व्यवस्था मिलाई एकिकृत प्राविधिक सेवा उपलब्ध गराउनुका साथै पशु विमा कार्यक्रम संचालन गरिनेछ।साथै बाख्रापालन तथा गाई भैसीपालन पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७८. कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने कार्यक्रमलाई बिस्तार गरिनेछ।कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गर्न उन्नत नश्लका राँगा,बोका तथा बहर वितरण कार्यलाई निरन्तरता दिइनेछ।

७९. पशुपन्छीको उत्पादकत्व बृद्धिको लागि गुणस्तरीय आहारा आवश्यक हुने हुँदा पशु आहारा विकास कार्यक्रम संचालनमा ल्याइनेछ र जस अन्तर्गत उन्नत जातका घाँसका सेट तथा डाले घाँसका विरुवामा पूर्ण अनुदान र बिउँ सहकार्य गरी बितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८०. गुणस्तरीय पशुजन्य उत्पादनका लागि पशु स्वस्थ हुन आवश्यक हुन्छ त्यसैले पशु स्वास्थ्य प्रवर्द्धनका लागि पशु स्वास्थ्य परिक्षण गरी आन्तरिक तथा वाह्यय परजीवीका औषधि वितरण तथा संक्रामक रोग बिरुद्ध खोपको व्यवस्था गरिनेछ साथै ग्रामिण भेगका पशुको स्वास्थ्य स्थिती सुधार ल्याउन पशु स्वास्थ्य शिविर साथै आकस्मिक रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ।

८१. पशुपालन व्यवसायलाई प्रभावकारी रुपमा संचालनका लागि कृषकहरुलाई विभिन्न विधामा दिइने तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. माछापालन व्यवसायलाई प्रतिस्पर्धी वनाउन कृषकहरुलाई माछाका भुरा सहकार्यमा वितरणको व्यवस्था गरिनेछ।

८३. पशुपालनमा विविध क्षेत्रसंग सम्वन्धित कृषकहरुलाई मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

८४. दुधको वजारीकरणका लागि कृषकले प्रयोग गर्दै आएका प्लाष्टीकजन्य सामाग्री प्रतिस्थापन गरी गुणस्तरीय दुधको वजारीकरणमा सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८५. सामुदायिक गाईहरुबाट सडक दुर्घटना वढने र कृषकको वाली नाली नष्ट भैरहेको अवस्थामा यस्ता गाईहरुको समुदाय संग सहकार्य गरी उचित संरक्षण गरिने छ।यसका लागि सोही स्थानमा ट्यागिंग र सडकमा आएका गाईहरुलाई उचित स्थानमा व्यवस्थापन गरी सार्वजनिक गाई मुक्त नगर घोषणा गरिनेछ।

८६. गाई बस्तुको मल मुत्रको सदुपयोग गर्नका लागि मुत्र संकलन सहितको भकारो सुधार कार्यक्रम र लागत साझेदारीमा बंगुर तथा बाख्रा प्रवर्द्धन कार्यक्रममा संलग्न कृषकहरुको खोर सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८७. पशु स्वास्थ्य कार्यकर्ताहरुको क्षमता अभिवृद्धिका साथै पशु सेवा केन्द्रको स्तरोन्नती गरी उपचार सेवा तथा औषधीको व्यवस्थापनलाई सर्वसुलभ बनाइने छ। निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, व्यवसायिक फर्म प्रोत्साहन कार्यक्रम, घाँस काट्ने च्याप कटर वितरण, आकस्मिक तथा संक्रामक रोग नियन्त्रण कार्यक्रम, माछा तथा कुखुरा वितरण कार्यक्रम, मासु पसल स्तरन्नोती कार्यक्रम एंव युवा लक्षित पशु पालन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

८८. कोभिड-१९का कारण विद्यालय शिक्षा पठनपाठनमा परेको प्रभावलाई मध्यनजर गरी बालाबलिकाको सिकाईलाई निरन्तरता दिन नेपाल सरकारबाट जारी कार्यविधि बमोजिम बैकल्पिक शिक्षण सिकाईको कार्यक्रम संचालन गरि कार्यान्वयन गरिनेछ। बालबालिकामा उत्पन्न भयलाई न्यूनिकरण गर्न मनोपरामर्श सम्बन्धी कार्यक्रमलाई जोड दिइनेछ।

८९. घोराही उपमहानगरपालिका क्षेत्रमा अवस्थित कलेज, क्याम्पसमा अध्यनरत घोराही उपमहानगरपालिकामा स्थायी बसोबास भएका स्नातक तहका अन्तिम वर्षका जेहेन्दार विद्यार्थीहरुलाई पेड ईन्टर्नशिप (Paid Internship) को व्यवस्था मिलाइनेछ।

९०. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानेटेरी प्याड वितरण कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ। विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना अभियानमा सघाउ पुर्याउन सामुदायिक विद्यालय भर्ना अभियान संचालन गरिनेछ।

९१. बालबालिकाको गुणस्तरीय शिक्षाको सुनिश्चतताको लागि दुर्गम क्षेत्रका शिक्षक, बाल बिकास सहयोगी कार्यकर्तालाई थप प्रोत्साहन सुविधा दिइनेछ।

९२. सामुदायिक विद्यालयको शैक्षिक सुधार एवं गुणस्तरीयता कायम गर्न विद्यालय व्यवस्थापन समितिले सामुदायिक विद्यालयका प्र.अ. सँग व्यवस्थापन कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइने छ। प्र.अ. ले आफु मातहतका प्रत्येक शिक्षकसंग कार्य सम्पादन सम्झोता गर्नुपर्नेछ। कार्य सम्पादन सम्झौतालाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरिनेछ।

९३. थारु भाषामा तयार भएको पाठ्यक्रमलाई आगामी वर्ष देखि ऐच्छिक विषयको रुपमा पठनपाठनको व्यवस्था मिलाइनेछ।

९४. घोराही उपमहानगरपालिकामा स्थायी बसोबास भएका सामुदायिक विद्यालयबाट कक्षा १० र कक्षा १२को परिक्षामा उच्च अंक प्राप्त गरि उच्च शिक्षामा एम.बि.बि.एस अध्ययन गर्ने मध्ये १ (एक) जना छात्र र १ (एक) जना छात्रा गरि जम्मा २(दुई) जनालाई जनही रु. ५,००,०००|-(पाँच लाख) र बि.ई. अध्ययन गर्ने १ (एक) जना छात्र र १ (एक) जना छात्रा गरि जम्मा २ (दुई) जनालाई जनही रु. ३,००,०००।- ( तिन लाख) का दरले प्रोत्साहन स्वरूप नगद उपलब्ध गराउने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

९५. घोराही उपमहानगरपालिकास्तरीय मेयर कप फुटबल प्रतियोगिता र उपमेयर कप महिला भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ। सम्भाव्ताका आधारमा अन्य खेलकुद कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।

९६. नगर क्षेत्रमा नियम संगत संचालन नभएका तालिम केन्द्रहरु तथा कोचिङ सेन्टर तथा छात्रावास कानूनी दायरामा ल्याई थप प्रभावकारी नियमनको व्यवस्था मिलाइनेछ।

९७. विद्यालय व्यवस्थापन समितिको क्षमता वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। संस्थागत विद्यालयमा अनुगमनको प्रभावकारी व्यवस्था मिलाइनेछ।

९८. राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्ने खेलाडीलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९९. सामुदायिक विद्यालयका ५ वर्ष मुनि उमेर समूहका सवै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्र प्रारम्भिक बालशिक्षा संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ । नर्सरी, एल केजी र यु के.जी गरी तीन तहमा प्रारम्भिक बाल शिक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ। पूर्व प्राथमिक शिक्षक (स.का.)को क्षमता विकास का लागि सेवा कालिन तालिमको व्यवस्था मिलाइने छ।

१००. प्रारम्भिक कक्षामा पढाई सीप विकास कार्यक्रम र मातृभाषामा शिक्षण, अंग्रेजी माध्यम बाट समेत सिकाइ गर्ने कार्यक्रमहरु संचालन गरिनेछ। माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन कार्यक्रमहरु ल्याइनेछ।

१०१. स्थापना भएका विज्ञान प्रयोगशाला तथा पुस्तकालयको सुदढिकरण तथा थप विज्ञान प्रयोगशाला तथा पुस्तकालयको स्थापनाको लागि जोड दिइनेछ।

१०२. सामुदायिक अध्ययन केन्द्रको संख्या थप विस्तार गर्दै जाने र क्षमता विस्तार गरी निरन्तर शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०३. प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक नाफामुलक र सामुदायिक संस्थाहरुको विचमा समन्वय, सहकार्य एवं गुणस्तरका लागि अनुगमन कार्यलाई विशेष जोड दिइनेछ।

१०४. शिक्षक तथा विद्यार्थीको हाजिरी तथा विद्यालयको दैनिक आर्थिक/ प्रशासनिक कार्य संचालनलाई सूचना प्रविधि प्रणालीमा आवद्ध गरिनेछ।

१०५. स्विकृत दरबन्दी नभएका मा.वि तथा आधारभूत विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन गर्नका लागि कम्तिमा १ शिक्षक दरवन्दी मिलान गरी उपलब्ध गराइनेछ।

१०६. संघीय सरकारको सहकार्यमा यस उपमहानगरपालिका अन्तर्गत प्रत्येक माध्यमिक विद्यालयहरुमा एक एक जना स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने कार्य क्रमश अगाडी बढाइनेछ।

१०७. राष्ट्रिय युवा परिषदबाट प्रद्धत युवा लक्षित नीति तथा कार्यक्रमलाई स्थानीय तहको साधन स्रोत अनुसार कार्यक्रमहरु समावेश गरिनेछ।

१०८. सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई घोराही उपमहानगरपालिकाको शिक्षा ऐन र नियमावली अनुसार संचालन, व्यवस्थापन तथा नियमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

१०९. पूर्वाधार विकासमा सार्वजनिक-निजि-सहकारी साझेदारी ढाँचामा(पि.पि.सि.पि. मोडेल) आयोजना संचालन गर्ने नीति तयार गरी लागु गरिनेछ।

११०. अत्यावश्यक बाहेकका नयाँ आयोजना नथप्ने र कार्यान्वयनमा रहेका तथा अधुरा आयोजनालाई सम्पन्न गर्ने गरी बजेट परिचालन गरिनेछ।

१११. नगरको मुख्य बजार क्षेत्रमा बढ्दै गैरहेको ध्वनी, वायु प्रदुषण कम गर्न, सडक दुर्घटना न्यूनीकरण तथा यात्रु आवागमनलाई व्यवस्थित गर्न ठूला सवारी साधनहरु (ट्रक, मिनिट्रक, ट्रीपर) को आवागमनका लागि बैकल्पिक मार्गको सम्भाव्यता अध्ययन गरी कार्य अगाडी बढाइनेछ।

११२. संघीय तथा प्रदेश सरकारको समेत सहकार्यमा औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र स्थापनाका लागी कार्य अगाडी बढाइनेछ।

११३. एकिकृत सहरी विकास योजना अनुरुप उपमहानगरका गौरबका आयोजनाहरु र रणनीतिक महत्वका पूर्वाधार विकासका आयोजनाहरु अघि बढाइनेछ। आयोजना बैंक तयार गरी संचालनमा ल्याइनुका साथै निर्माण सम्बन्धी आयोजनाको गुणस्तरीयता सुनिश्चित गर्न ल्याब स्थापनाको प्रक्रिया अगाडी बढाइनेछ।

११४. एकिकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गरी जोखिमयुक्त बस्तीहरुको स्थानान्तरण र विपद प्रभावित क्षेत्रको पुनःनिर्माण लगायतका कार्यलाई एकिकृत बस्ती विकास कार्यक्रम एवं नमुना गाउँ विकास कार्यक्रममा समाहित गरिनेछ।

११५. संघ र प्रदेश सरकारको सहयोगमा लखन पार्क, विज्ञान पार्क (घोराही-१२), थारु सांस्कृतिक संग्राहलय एवं बधशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

११६. घोराही उप-महानगरपालिकाको केन्द्रबाट वडा केन्द्रहरुलाई जोड्ने एक एक वटा सडक छनौट गरी कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११७. कृत्रिम जलाशय निर्माण तथा संरक्षण कार्यलाई निरन्तरता दिइनेछ । कृत्रिम जलाशय बहुउद्देश्यगत क्षेत्रमा प्रयोग गरी रोजगारी सिर्जना मार्फत आन्तरिक आय अभिवृद्धि गरिनेछ।

११८. संघ र प्रदेश सरकारको समन्वयमा एक स्थानीय तहवाट अर्को स्थानीय तह र जिल्ला जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

११९. संघ र प्रदेश सरकारको लागत साझेदारीमा संचालन हुने नेत्रलाल अभागी रंगशाला निर्माणको कार्य समन्वय गरी अगाडी बढाइनेछ।

१२०. संघ सरकारको सहयोगमा सोरठी खानेपानी र तेरौटे खानेपानी योजनाको कार्य अगाडी बढाइनेछ ।

१२१. घोराही प्रवेश गर्ने लमही-घोराही सडक खण्डमा अत्याधिक सवारी चापका कारण साँघुरो भई अत्याधिक जोखिमयुक्त भएकोले संघ र प्रदेश सरकारको सहयोगमा वैकल्पिक प्रवेश मार्ग निर्माण गर्न विशेष पहल गरिनेछ।

१२२. संघीय सरकारको सहयोगमा घोराही-१०, नारायणपुरमा निर्माण हुने आन्तरिक बिमानस्थल निर्माण कार्यमा आवश्यक समन्वय गरिनेछ। घोराही -१७ मा रहेको क्रिकेट मैदानलाई अत्याधुनिक र सुबिधा सम्पन्न बनाउने कार्यलाई निरन्तरता दिइनेछ। निर्माणाधीन अटो भिलेज कार्यलाई निरन्तरता दिइनेछ। वडा नं. १० को नारायणपुरमा निर्माणाधीन कभर्ड हलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। वडा नं. १४ मा रहेको कभर्ड हलको मर्मत गरिनेछ।

१२३. संघ सरकारको सहयोगमा निर्माण हुने कनरिया-दलजितपुर सडक, भैसाही-गैरागाँउ-सर्रा सडक र कटुवाखोला-१८ नं. वडा कार्यालय-अम्बिकेश्वरी मन्दिर सडक पिच निर्माण कार्यलाई अगाडी बढाइनेछ।

१२४. ग्रामिण सडकहरुलाई जुनसुकै समयमा पनि संचालन योग्य बनाउन पुल,झोलुङ्गे पुल तथा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइनेछ। पिच सडकको नियमित मर्मत एवं दिगो व्यवस्थापनको लागि मर्मत संभार कोष(विविध कोष)लाई सक्रिय बनाइने छ।

१२५. उपमहानगरपालिका भित्र बन्ने नयाँ घरहरु नक्सा पास गरेर मात्र बनाउने नीतिलाई कडाईका साथ लागु गरिनेछ। घर नक्सा पास नगरी घर बनाउने घरधनीहरुलाई उपमहानगरपालिकाबाट उपलब्ध गराउने सबै खालका सिफारिसहरुमा रोक लगाइनेछ।

१२६. स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम गैरसरकारी संस्थाहरुबाट कार्यान्वयन हुने बजेट तथा कार्यक्रमहरु नगरसभाबाट पारित गराउनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**नगरसभाका सदस्य ज्यूहरु**,

१२७. अस्पतालजन्य फोहरको दीगो व्यवस्थापनको लागि सार्बजनिक निजी साझेदारी नीति अबलम्बन गरिनेछ।

१२८. नगरवासीको सुरक्षित खानेपानी समस्यालाई संबोधन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी खानेपानीका मुहानहरु प्रदुषित र असुरक्षित हुन नदिन नगरको तर्फबाट अनुगमन, आर्सेनिक परिक्षण कार्यको व्यवस्था मिलाइनेछ।

१२९. नगरक्षेत्र भित्र निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक र घुम्ती शौचालयको निर्माण तथा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ।

१३०. नगरको सरसफाई व्यवस्थापनमा सामुदायिक संघसंस्था, स्वयंसेवक अभियन्ताहरु एवं निजी क्षेत्रलाई उत्प्रेरित गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

१३१. फोहरलाई स्रोतमै वर्गीकरण गरी वर्गीकरणको आधारमा फोहर संकलन र अन्तिम व्यवस्थापन गरिनेछ। निजी तथा सामुदायिक सहभागिता बृद्धि गर्दै फोहर व्यवस्थापनलाई शुल्कमा आधारित बनाई गल्ने र नगल्ने फोहर स्रोत मै छुट्याई बिक्री बितरण गर्ने व्यवस्थालाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। गल्ने फोहरबाट बायोग्यास र मल उत्पादन गर्ने व्यवस्था मिलाइनेछ।

१३२. वडा तथा सामुदायिक बनसँगको सहकार्यमा सामुदायिक कम्पोष्ट प्लान्ट बनाउने र सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। सहकारी मोडेलमा फोहर व्यवस्थापन गर्न अध्ययन गरिनेछ।

१३३. संघ, प्रदेश सरकारसँगको सहकार्यमा छिमेकी स्थानीय तहसँग समन्वय गरी फोहर व्यवस्थापन गर्ने कार्य अघि बढाइनेछ।

१३४. प्रदेश सरकारको समन्वयमा संचालन हुने पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिइनेछ। एक घर एक धाराको संकल्प पुरा गर्न घोराही उपमहानगरपालिकाको वास प्लान तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१३५. प्रदेश सरकारको सहकार्यमा वडा नं. १६ स्थित ल्यान्डफिल साइटमा सेनिटेशन पार्क निर्माण गरिनेछ।

१३६. हाल विद्यमान ल्यान्डफिल साइटलाई अझै व्यवस्थित र वातावरणमैत्री गराई फोहर व्यवस्थापन कार्यलाई अगाडी बढाइनेछ साथै शुन्य ल्यान्डफिल साइटको अवधारणा विस्तारै कार्यान्वयनमा लगिनेछ।

१३७. नदी, खानेपानीको मुहान, पोखरी, कुवा, धारा, लगायतका पानीको मुहान सुरक्षित बनाउने अभियान संचालन गरिनेछ। यसमा स्थानीय जनताको भुमिकालाई अग्रणी बनाउदै नगरपालिकाले घर, आगन, टोल, सडक सफा सुन्दर राख्न टोल बिकास संस्थालाई जिम्मेवार बनाइनेछ।

१३८. बजार क्षेत्रभित्र घरको कम्पाउन्डभित्र वर्षातमा परेको पानीलाई ढल नालामा नपठाई कम्पाउन्डभित्र नै पानीको रिचार्ज गर्ने कार्यलाई जनसहभागिताको आधारमा बिस्तारै कार्यान्वयनमा लगिनेछ।

१३९. घोराही बजार क्षेत्रभित्र छरिएर रहेका कवाड व्यवसायीहरु एकिकृत गरी राजस्व अभिबृद्धि गर्न ल्यान्डफिल साइटमा व्यवस्थित गर्ने कार्यक्रम ल्याइनेछ।

१४०. निजी क्षेत्र, संघ संस्था लगायत सबै क्षेत्रको सहभागितामा कटुवा र सेवार खोला सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।

१४१. पूर्ण सरसफाई तथा वातावरण मैत्री घोषणा गर्ने टोललाई सरसफाई सेवा शुल्कमा लाग्ने शुल्कको निश्चित प्रतिशत छुट दिइने नीति अबलम्बन गरिनेछ।

१४२. वातावरण र विकास बिच सन्तुलन कायम हुने गरी र स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि,२०७७ का विषयक्षेत्रगत सूचकहरु हासिल हुने गरी विकास कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

१४३. खरको छानो मुक्त नगर निर्माणको उद्धेश्यलाई हासिल गर्न खरको छानो विस्थापन कार्यक्रमलाई सुरक्षित नागरिक आवाससंग Tie-up गरी निरन्तरता दिइनेछ।

१४४. बाढी तथा भू-क्षयको कारण नदी क्षेत्रमा हुन सक्ने धन-जनको क्षतिलाई न्यूनिकरण गर्न आवश्यकता अनुसार नदी किनारमा तटबन्ध निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। विपद् प्रतिकार्यसँग सम्बन्धित थप सामाग्री खरिद गरिनुका साथै विपदमा परेकाहरुको खोजी र उद्धार गर्न सक्ने दक्ष जनशक्ति तयार गरिनेछ।

१४५. वन र जैविक विविधता संरक्षण गर्न सामुदायिक वनहरुमा डडेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने किसिमका कार्यहरु संचालन गरिनेछ।

१४६. प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै सो को विकल्पको रुपमा वातावरणमैत्री झोलाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। साथै विकल्पको रुपमा प्रयोग हुन सक्ने दुना टपरी निर्माण गर्न सामुदायिक वनसँग सहकार्य गरिनेछ।

१४७. बाटोको दायाँ-बायाँ, पानीको मुहान र पार्क लगायत अन्य सार्वजनिक स्थानहरुमा हरियाली प्रवर्द्धन लगायत अन्य वातावरण संरक्षणसँग सम्बन्धित कार्यहरुमा टोलसुधार समिति र अन्य निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ। विद्यालय स्तरमा चेतनामुलक कार्यहरु संचालन गरिनेछ।

१४८. जल संरक्षण र प्रदूषण नियन्त्रणका लागि नगरपालिका भित्रका जोखिममा रहेका खानेपानीका मुहानको स्रोत पहिचान, संरक्षण र स्तरोन्नती गरिनेछ।

१४९. वातावरण संरक्षणमा योगदान पुग्ने गरी नबिकरणीय उर्जा प्रविधि जडान (बायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१५०. घर निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउदा घरधनीले अनिवार्य रुपमा घर परिसर वरीपरी कम्तिमा दुई वटा विरुवा रोपेको अवस्थामा मात्र सम्पन्न प्रमाणपत्र दिइने व्यवस्था गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

१५१. सामाजिक विभेदको न्यूनीकरण गर्न छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गिरनेछ।

१५२. सामाजिक सुरक्षा तथा संरक्षणका लागि बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यकता अनुसार केन्द्रहरु स्थापना गरी सडक बालबालिका पुनर्स्थापना केन्द्र, वालगृह ,जेष्ठ नागरिक दिवा सेवा केन्द्र ,अशक्त वेवारिसे मानवका लागि मानव सेवा आश्रय

तथा सेवा घर , हिंसा प्रभावितका लागि महिला सेवा केन्द्र, वृद्ध आश्रम, अपांगता भएका व्यक्तिका लागि पुर्नस्थापना केन्द्र,जस्ता संरक्षणमा अधारित केन्द्रहरु निरन्तरताका साथै उच्च प्रथामिकताका साथ नियमित सञ्चालनमा रहने छन्।

१५३. विभिन्न संघ संस्था, संचारकर्मी, टोल विकास संस्थालाई परिचालन गरी सबै वडाका टोल टोलमा लैगिक तथा घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा टोल विकास संस्थाका सदस्यहरुको क्षमता बृद्धिका लागि तालिम गोष्ठी , अभिमुखीकरण , चेतनामुलक अभियान सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५४. वार्षिक कार्यक्रम तथा बजेटमा लैङ्गिक उत्तरदायी बजेट, कोड समेत राखेको लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) लैङ्गिक परीक्षण तथा बजेट कार्यक्रम तर्जुमा गरी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१५५. वडा तथा स्थानीय स्तरमा गठन गरिने उपभोक्ता समिति तथा विभिन्न समितिहरुमा महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक/ अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या वृद्धि गर्दै लगिनेछ।

१५६. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१५७. नगरभित्र लैंगिक हिंसा प्रभावितका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम र अल्पकालिन आश्रयगृह (सेवाकेन्द्र) तथा राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५८. दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाती, लोपोन्मुख समुदायमा अत्यधिक प्रचलनमा रहेको बालविवाह न्यूनिकरण गर्न "**बिहेवारी बिस वर्ष पारी**" भन्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५९. बालश्रमिक राख्ने र पठाउनेको अभिलेख राखी सार्वजनिकिकरण गरी बालश्रम मुक्त नगर बनाउने अभियान सञ्चालन गरिनेछ।

१६०. सन २०२२ सम्म घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित नगरपालिका घोषणा गर्न लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक एंव संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६१. 'एक वडा एक युवा क्लब' गठन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६२. स्थानीय स्तरमा रहेको टोल विकास संस्था, महिला सहकारी संस्था, बालक्लब, बालसञ्जाल, किशोर किशोरी समूह सञ्जाल, युवा समूह, युवा सञ्जाल, दलित संजाल, एकल तथा लैगिक हिंसा प्रभावित महिला समूह तथा फरक क्षमता भएका व्यक्तिको क्षमता विकास, संस्थागत, संरचनागत विकासको नीति अवलम्बन गरिनेछ।

१६३. सन २०२२ सम्म घोराही उपमहानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न स्थानीय वालमैत्री शासन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६४. जेष्ठ नागरिकहरुलाई लक्षित गरी जेष्ठ नागरिकको संख्या बढी भएका वडाहरुमा क्रमश लागु हुने गरी जेष्ठ नागरिक दिवा सेवा केन्द्र विस्तार गर्ने नीतिलाई निरन्तरता दिइने छ। जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य परिक्षण एंव परामर्शका लागि कम्तिमा दुई पटक विशेषज्ञ सहितको शिविर संचालन गरिनेछ।

१६५. जेष्ठ नागरिक परिचय पत्रका आधारमा प्राप्त हुने सेवा सुविधालाई प्रभावकारी बनाउन सरोकारवालाहरुसंग समन्वय गरी उचित कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

१६६. अनाथ, जोखिममा रहेका तथा सडक बालबालिकाहरुको पुनःस्थापनाका लागि विशेष संरक्षणको नीति अवलम्बन गरिनेछ।

१६७. अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरी अभिलेख तयार गरिनेछ । अपाङ्गताको प्रकृती अनुसार क्षमता विकासको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

१६८. घोराही उपमहानगरपालिकाको उपयुक्त स्थानमा कम्तिमा एक वटा बाल उद्यान केन्द्र निर्माण गरिनेछ। साथै मौजुदा बालगृह आपतकालीन आश्रयगृह सञ्चालनको न्यूनतम मापदण्डलाई समयानुकुल सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१६९. गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरुलाई दुर्गम वस्ती एंव पिछडिएका क्षेत्रहरुमा संचालन गर्न प्रोत्साहित गरिनेछ।

१७०. सरोकारवाला निकायको सहयोगमा सडक मानव मुक्त नगर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७१. सिपमुलक तालिमलाई प्रभावकारी बनाउन प्रशिक्षकको योग्यता निर्धारण गरी सम्वन्धित प्रशिक्षण केन्द्र र दक्ष प्रशिक्षकबाट मात्र तालिम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

१७२. महिला,दलित,आदिवासी,मुस्लिम,द्वन्द पिडित,मुक्त कमलरी,लोपोन्मुख एवं अल्पसंख्यक जातजाति तथा पिछडिएको वर्गका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी स्वरोजगार बन्ने तर्फ प्रेरित गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

१७३. न्यायिक समितिबाट सम्पादन भएका कार्यहरुको प्रगती विवरण चौमासिक रुपमा पत्रकार सम्मेलन मार्फत सार्वजनिकिकरण गरी सरोकारवालालाई जानकारी गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१७४. पिडित, असहाय तथा अशक्तहरुको सहयोगका लागि खडा गरिएको निःशूल्क कानूनी सहायता तथा पूर्नस्थापना कोषलाई निरन्तरता दिइनेछ।

१७५. समाजमा हुने विवाद, मनमुटाव, पारिवारिक कलह आदीलाई दुई पक्षिय छलफल तथा मेलमिलापको माध्यमबाट निरुपण गर्दै स्वस्थ, सुसंस्कृत र विवाद रहित समाजको स्थापनमा जोड दिइनेछ।

१७६. प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरीनेछ र सुचिकृत मेलमिलाप कर्ता तथा नयाँ मेलमिलाप कर्ताको लागि तालिमको व्यवस्था गरि क्षमता विकास गरिनेछ।

१७७. विद्यमान कानुन कार्यान्वयन सम्बन्धमा राजनीतिक दल, पत्रकार, न्यायिक समितिका पदाधिकारी र सरोकारवाला विच छलफल र अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७८. सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकाशमा अत्याधिक परिचालन गर्ने राज्यको नीति बमोजिम यस उप-महानगर क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै संस्थाहरुमा रहेको पूँजी, प्रविधि ,सीप र जनशक्तिलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ।

१७९. संघीय र प्रदेशस्तरीय सहकारी मन्त्रालय ,विभाग तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी अवश्यक सूचना ,तालिम र प्रविधिसँग आवद्ध भई संस्थागत लाभ प्राप्त गर्न सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ।

१८०. सहकारी संस्थाहरुको विकासको लागि अभिलेखीकरण ,अनुगमन तथा नियमन पारदर्शी बनाउन जोड दिइनेछ।

१८१. "आर्थिक समृद्धिको लागि सहकारी ,पूँजी परिचालन र स्वरोजगारी "भन्ने नारालाई सार्थक बनाउन संस्थाहरुमा संकलित निस्कृय पूँजीलाई साना तथा घरेलु उद्योगहरुमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

१८२. सहकारी संस्थाहरुको संख्यात्मक बृद्धिभन्दा गुणात्मक विकासलाई ध्यान दिंदै मागको आधारमा संस्थाहरु एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

१८३. सहकारी संस्थाहरुमा सुशासन कायम गर्न तथा नविनतम प्रावधानहरु संस्थासम्म पुर्याउन सहकारी सचेतना , लेखा व्यवस्थापन लगायतका तालिम कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१८४. सहकारी संस्थाहरुलाई सम्बन्धित विषयगत सहकारी संघ ,जिल्ला सहकारी संघ र राष्ट्रिय सहकारी बैंकसँग आवद्ध भई लाभ प्राप्त गर्न संस्थाहरुलाई अभिप्रेरित गरिनेछ।

१८५. पर्यटन तथा संस्कृति प्रवर्द्धनको लागि भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण एवं प्रवर्द्धनमा जोड दिइनेछ।

१८६. पर्यटकीय क्षेत्रको प्रचार प्रसार एवं सूचना सामग्रीलाई व्यवस्थित गर्न पर्यटन सूचना केन्द्रलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

१८७. पर्यटन क्षेत्रको विकासका लागि पर्यटन पूर्वाधारमा जोड दिइनेछ।

१८८. वातावरण संरक्षण एवं पर्यापर्यटनलाई प्रवर्द्धन गर्न अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा जोड दिइनेछ।

१८९. रोजगारी तथा आयआर्जनको आकर्षक क्षेत्रको रुपमा विकास गर्न हस्तकला सम्बन्धी सीप अभिवृद्धि गर्ने कार्यमा जोड दिइनेछ।

१९०. धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको उचित संरक्षण एंव सम्बर्द्धन गरिनेछ।

१९१. लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना र पुरानाको स्तरोन्नती गर्न सामाजिक परिचालनको माध्यमबाट उद्यमशिलता विकास तालिम एवं मागमा आधारित एडभान्स सिप विकास तालिम संचालन गरिनेछ।

१९२. संघ तथा प्रदेश सरकारको सहकार्यमा  तालिम प्राप्त उद्यमीहरुलाई प्रविधि हस्तान्तरण र लघु वित्तमा पहुँच अभिवृद्धि गरिनेछ। उद्यमीहरुको सुविधाका लागि साझा सुविधा केन्द्र-उद्यम घर निर्माण गरिनेछ।साथै आवश्यकतानुसार बजारिकरण तथा व्यवसाय परामर्श सम्बन्धी सहजिकरण गरिनेछ।

१९३. सुरक्षित आप्रावासन कार्यक्रम अन्तर्गत सामी परियोजनाको सहकार्यमा वैदेशिक रोजगारमा जाने युवायुवतीका लागि जनचेतना लगायत विशेष कार्यक्रम संचालन गरिनेछ।

१९४. आ. ब. २०७८।७९ का लागि बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्ये प्राथमिकतामा परेका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी र कार्यमुलक तालिम उपलव्ध गराइनेछ।

१९५. नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट यस उपमहानगरपालिकमा चालु आर्थिक वर्ष २०७७।०७८ देखि शुरु भएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासी व्यवस्थापन कार्यक्रमलाई आगामी आर्थिक वर्ष २०७८/०७९मा सम्पन्न गर्ने गरी बिशेष पहल गरिनेछ।

१९६. उपभोक्ताको हक हित सुनिश्चित गर्नका लागि उपभोक्ता हितसँग सम्बन्धित सूचना,प्रचार-प्रसार एवं नगर तथा वडा स्तरीय चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१९७. गुणस्तरीय वस्तु तथा सेवाको माग-आपूर्ति, मुल्य, परिमाण,गुणस्तर आदि पक्षमा बजार अनुगमन कार्यलाई निरन्तरता दिंदै कालोबजारी कृत्रिम अभाव,मिसावट र सिण्डिकेट जस्ता समस्याहरु निराकरण गर्न उपभोक्ता हितसँग सम्बद्ध संघसंस्था र अन्य सरोकारवाला समेतको संलग्नतामा बजार अनुगमनमा सक्रियता बढाइनेछ ।

१९८. उपभोक्ता हित संरक्षण गर्न स्थानीय अनुगमन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न उपभोक्ताको हकहित सम्बन्धी ऐन कानून र अन्तरराष्ट्रिय पद्धतिका विषयमा तालिम, प्रशिक्षण दिई सक्रिय बनाइनेछ।

१९९. वस्तु तथा सेवा प्रदायकहरूले न्यून गुणस्तरको वस्तु तथा सेवा प्रदान गरी कुनै उपभोक्ताको जीउज्यान,सम्पत्ति र स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याएमा उपभोक्तालाई पर्ने मर्काको सुनुवाई गर्न कानूनी उपचारको व्यवस्था मिलाइनेछ।

२००. बजारहरूमा मुल्यको सन्तुलन राख्न समान मुल्य व्यवस्था कायम गर्ने प्रयोजनको लागि आवश्यक कदम अगाडी बढाइनेछ।

२०१. अत्यावश्यक वस्तुहरूको संचयका लागि गोदाम घर र शीतभण्डार निर्माण एवं संचालन गर्न निजी क्षेत्र तथा सहकारी संघ संस्थालाई प्रोत्साहित गरिनेछ।

२०२. दैनिक अत्यावश्यक उपभोग्य वस्तु तथा खाद्यन्न जस्तैः दुध,तरकारी,मासु,तेल जस्ता पदार्थको गुणस्तर जाँच गर्ने प्रविधि र प्राविधिकको व्यवस्था गर्ने कार्य अगाडी बढाइनेछ।

२०३. स्थानीय तहबाट परिक्षण गर्न नसकिने खाद्य पदार्थको गुणस्तर तथा मापडण्ड जाँच गर्न नमुना संकलन गरी परिक्षणका लागि प्रादेशिक तथा संघीय प्रयोगशालामा पठाउने कार्य अगाडी बढाइनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

२०४. सुशासनका लागि अपरिहार्य रहेको विद्युतीय शासनलाई थप प्रभावकारी बनाउन नविनतम तथा प्रयोगकर्ता मैत्री सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।

२०५. संघ सरकारको नीति अनुरुप आर्थिक कारोबार र राजश्व संकलन कार्यमा अनलाइन प्रविधि लागु गरिनेछ।

२०६. आर्थिक वर्ष २०७४/०७५ देखि हालसम्मको स्थिती तथा प्रगती वृत्तचित्र, ब्रोसर, पुस्तिका मार्फत प्रकाशन तथा अभिलेखीकरण गरिनेछ।संघ सरकारको सहकार्यमा नगर पार्शवचित्रलाई सूचना प्रविधि प्रणालीमा आबद्ध गरिनेछ।

२०७. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

२०८. सूचना बैंकको रुपमा उपमहानगरपालिकाको सूचना केन्द्रको स्थापना गरी नागरिकहरुलाई सूचनाको हक प्रत्याभूती गराइनेछ। निजी क्षेत्रको सहकार्यमा सूचनाको हक सम्बन्धी कानूनलाई जनस्तर सम्म पुर्याई थप प्रभावकारी बनाइनेछ।

२०९. खोज पत्राकारिता, विकास पत्रकारिता, पर्यटन पत्रकारिता, सम्पादकीय लेखन लगायत क्षेत्रमा कार्यरत पत्रकारहरुको क्षमता विकासका कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ। हाम्रो नगर रेडियो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।नेपाल टेलिभिजन कोहलपुर शाखाको समन्वयमा टेलिभिजन कार्यक्रम संचालन गरिनेछ ।कार्यालयको कामकाजी भाषामा दस्तावेजहरुको प्रकाशन गर्ने कार्यलाई निरन्तरा दिइनेछ।

२१०. सामाजिक शुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले समयमै भत्ता प्राप्त गर्ने गरी निकासा प्रणालीलाई यथाशक्य छिटो छरितो बनाइनेछ।बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्दा देखा परेका समस्याका सम्वन्धमा भत्ता वितरण गर्ने बैंकहरुसंगको संवाद एवं सहकार्यका माध्यमबाट समाधान गरी छिटो छरितो रुपमा सुविधा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

२११. संघ सरकारको सहयोगमा व्यक्तिगत घटना दर्ता अभिलेख डिजिटाइजेशन गर्ने कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ।

२१२. समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक सिद्धान्तलाई आत्मसात गर्दै प्राकृतिक स्रोतको संरक्षण र उपयोग,पूर्वाधार निर्माण,वातावरण संरक्षण तथा फोहर व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन, राजश्व संकलन लगायतका विषय क्षेत्रहरुमा अन्तरस्थानीय तह, संघ तथा प्रदेशसँगको सहलगानीका योजनाहरु पहिचान गरी कार्यान्वयन गरिने छ।

२१३. अन्तरसरकारी समन्वय तथा सहजीकरणको लागि अन्तर सरकारी समन्वय तथा सहजीकरण समिति गठन गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २६ अन्तर्गत क्षेत्रहरु संग सम्बन्धित सम्भावित साझा लगानीका परियोजनाहरु रोष्टर तयार गरी प्राथमिकताका आधारमा योजनाहरु समावेश गरिने छ।

२१४. जिल्ला समन्वय समिति लगायत सरोकारवालाहरुसँगको समन्वय र सहकार्यलाई बिशेष प्राथमिकताका साथ प्रभावकारी बनाइनेछ।

२१५. छिमेकी तथा अन्य मित्र राष्ट्रका नगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

२१६. राजस्व अभिवृद्धि गर्न राजस्व दायरा बढाउने, थप नया क्षेत्र पहिचान गर्ने र भैरहेको राजश्वको गुणात्मक परिचालन गरिनेछ।

२१७. "स्थानीय सरकारलाई करले होइन रहरले कर बुझाऔं, सभ्य नागरिकको पहिचान दिऔं" भन्ने नारा सहित कर जागरण अभियानलाई निरन्तरता दिदै मालपोत तथा सम्पति कर,घरजग्गा बाहाल कर,ब्यबसाय कर, सरसफाई शुल्क असुली कार्यलाई थप प्रभावकारी बनाइनेछ। साथै करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१८. पेशा व्यवसाय कर लिदा एउटा फर्मबाट फरक फरक प्रकृतिका कारोबार गरेको हकमा तोकिए बमोजिम फरक फरक प्रकृतिका कारोबारका करको दरले हुन आउने रकम संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२१९. कोभिड १९को बिषम परिस्थितिमा पेशा ब्यवसायमा पर्न गएको असर समेतलाई मध्यनजर गर्दै आर्थिक ऐन २०७८ले कर छुट दिने भनि तोकिएका पेशा तथा व्यवसायमा तोकिए बमोजिम कर छुट दिइनेछ साथै बन्दाबन्दीको कारण आर्थिक बर्ष २०७७/२०७८ को कर बुझाउन बांकी रहेका करदातालाई कर बुझाउने समयावधि २०७८ असोज मसान्त सम्म थप गर्ने गरि कानूनि ब्यवस्था मिलाइनेछ।

२२०. वडाबाट संकलन हुने राजश्व उपमहानगरपालिकाको केन्द्रिकृत प्रणालीमा आबद्ध गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ । उपमाहानगरपालिकाको कार्यालय परिसर भित्र सरकारी कारोबार गर्ने बैंकको बैंक काउन्टर स्थापना गरी बैंक मार्फत राजश्व असूली गर्नुको साथै वडा कार्यालयबाट संकलन हुने राजश्व वडा लाई पायक पर्ने नेपाल सरकारबाट सरकारी राजश्व संकलन गर्न अनुमति प्राप्त बैंकमा खाता खोलि दैनिक रुपमा जम्मा गर्ने ब्यवस्था मिलाइनेछ ।

२२१. राजश्व सम्भाव्यता अध्ययन गरी आन्तरिक श्रोत परिचालन गर्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिने छ। आत्मनिर्भर घोराहीको सपनालाइ साकार पार्न कर कानूनको पालनालाई जोड दिदै कर छली तथा चूहावटलाई नियन्त्रण गर्नको लागि राजश्व अनुगमन संयन्त्र मार्फत नियमित रुपमा कर अनुगमन गरिनेछ।

२२२. लघु उद्यमको परिभाषा भित्र पर्ने उद्यम ब्यबसाय निःशुल्क दर्ता गरिनेछ। महिला तथा अपाङ्गता भएका ब्यक्ति संचालक रहने गरी दर्ता हुने घरेलु तथा साना उद्योग ब्यबसाय दर्ता गर्दा लाग्ने दर्ता शुल्कमा शत प्रतिशत छुट दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२३. नगरबासीहरुको कृषि पेशालाई उच्च सम्मान गर्दै कृषि पेशा ब्यवसायबाट आम्दानी गरेको बार्षिक रु. तिन लाख सम्मको आय सिफारिसमा निःशुल्क गरिनेछ।

२२४. घोराही उपमाहनगरपालिकाको सार्वजनिक खरिद सम्बन्धी नियमावली तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२२५. संगठन तथा व्यवस्थापन सर्भेक्षणबाट स्वीकृत दरवन्दी अनुसारको कर्मचारीहरुको पदपूर्तिका लागि यथाशिघ्र पहल गरिनेछ।

२२६. कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसार महाशाखा/शाखाहरुको कार्य सम्पादनलाई प्रभावकारी बनाउन कर्मचारीको कार्य विवरण तयार गरी लागु गरिनेछ ।

२२७. कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनलाई कार्यविवरण र प्राप्त उपलब्धीको आधारमा मूल्यांकन गर्ने प्रणालीको शुरुवात गरिनेछ। साथै कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अबलम्बन गरिनेछ।

२२८. कार्यालयका महाशाखा, शाखा तथा वडा कार्यालयहरुको दरवन्दी र कार्यचापका आधारमा कर्मचारीहरुको पदपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

२२९. कर्मचारीलाई समय सापेक्ष तालिम, अवलोकन भ्रमण लगायतको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ।

२३०. कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा संघ सरकारको आर्थिक वर्ष २०७८/०७९को बजेट ब्यक्तव्य मार्फत उल्लेख भए बमोजिम गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

२३१. विश्वव्यापी रुपमा फैलिएको कोभड-१९को संक्रमण अवधी लम्बिएको अवस्थामा प्रस्तुत नीतिगत व्यवस्थाले संक्रमण लगायतका महामारी नियन्त्रण गर्न सहयोगी हुने र महामारी कै बिचमा जनजीवनलाई सामान्यीकरण गर्दै कार्यक्रम कार्यन्वयन गर्न सकिने विश्वास लिएको छु। प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपुर्ती गरि जिवनस्तरमा गुणात्मक सुधार हुदै जाने, उपलब्ध स्रोतसाधनको अत्यूत्तम उपयोगबाट आर्थिक उन्ननतीमा टेवा पुग्ने र विकासको मूलप्रवाहमा सबै बर्ग क्षेत्र, समूह, समुदायहरु समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने बिश्वास लिएको छु।

२३२. उल्लेखित नीति तथा कार्यक्रम उपमहानगरपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। यसका लागि संघ तथा प्रदेश सरकार, राजनितिक दल, उद्योगी, व्यवसायी, सरकारी , गैरसरकारी क्षेत्र,

संघ संस्था, टोल विकास संस्था, निजी व्यवसायिक क्षेत्र, पेशाकर्मी बुद्धिजिवि, संचारकर्मी लगायत सबै नगरवासी, आमा बुबा दिदी बहिनी, दाजुभाईको सक्रिय साथ र सहयोग रहने विश्वास लिएको छु।

२३३. अन्तमा घोराही उपमहानगरको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल,निजी व्यवसायिक क्षेत्र, सरकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, संचार जगत लगायत सम्पूर्ण नगरवासी आमाबुबा, दाजुभाई,दिदी बहिनीहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्दछु।

**धन्यबाद!**

**इति सम्वत् २०७८ साल आषाढ ०६ गते रोज १ शुभम् ।**

-